# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०७६/०७७
च.नं.:

### प्रेश विज्ञप्ति

आज मिति २०७६/५/२७ गते शुक्रबारका दिन विहान ८ बजे धनगढी उप-महानगरपालिकाको ३६ औ कार्यपालिका बैठक सुरु भइ बेलुका ६ बजे सम्पन्न भयो | नगर प्रमुख श्री नृप बहादुर वडको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले नगर कार्यपालिकाले गत आ.व. २०७५/०७६ मा संचालन गरेका विभन्न कार्यक्रम/आयोजनाहरुको विषयमा छलफल गरि समिक्षा बैठक समेत सम्पन्न भयो | नगर-कार्यपालिका वैठकले संचालित कार्यक्रम, प्रशासन व्यवस्थापन, मेलमिलाप सम्बन्धि व्यवस्थाका बारेमा छलफल गरि निर्णय सर्वसम्मतिमा पुर्याएको छ |

कार्यपालिका वैठकले नगरपालिका भित्रका विभिन्न विकास निर्माण, न्याय प्रशासन, सेवा करारमा कर्मचारी भर्ना, वृति विकास, सार्वजनिक खरिद आदि जस्ता विषयमा छलफल गरी निर्णय गरेको छ | स्थानीय सरकार संचालन ऐन २०७४ को (संसोधित व्यवस्था समेत) आधारमा आ.व. समाप्त भएको चालु आ.व. प्रथम चौमासिक भित्र गत आ.व.को प्रगति समिक्षा गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम आ.व. २०७५/०७६ मा नगरपालिका बाट संचालित आयोजना/कार्यक्रम राजस्व प्रशासन लगायतका विषयमा वार्षिक समिक्षा गरी नगर प्रमुख बाट बेलुकी ६ बजे कार्यपालिकाको बैठक सम्पन्न गरिएको छ |

कार्यपालिका बैठकका सम्पूर्ण निर्णयहरु नगर प्रमुख बाट प्रमाणित भइसकेपछि २४ घण्टा पछि न.पा.को वेबसाइटमा अपलोड गरिने व्यवस्था समेत जानकारी गराईन्छ |

०७६/०५/२७

............................
सन्तोष मुडभरी
प्रवक्ता

इतिसम्बत २०७६ साल २७ गते रोज ०६ शुभम् ------------------------------------------------------------

Scanned by CamScanner